# महाराजगंज नगरपालिका

## कपिलवस्तुद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः–५ संख्याः– ५ मितिः– २०७८।०४।१४

## भाग :–२

## महाराजगंज नगरपालिका

कपिलवस्तु, लुम्बिनीप्रदेश

# नगर स्तरीय सहकारी संजाल कार्यविधि, २०७८

महाराजगंज नगरपालिकाको नगर स्तरीय सहकारी सन्जाल कार्यविधि सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको कार्यविधि - २०७८

कार्यपालिकाबाट पारित मितिः– २०७८।०४।१३
प्रमाणीकरण मितिः– २०७८।०४।१३

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिममहाराजगंजनगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ।**

# महाराजगंजनगरपालिकाको नगर स्तरीय सहकारी संजालकार्यविधि- २०७८

**प्रस्तावनाः**

सहकारी क्षेत्रसँग आवद्ध निकायहरुको संलग्नता र सहकारीतामा सुचनाप्रवाह, जनचेतना, तथ्यांक संकलनकार्यक्रममाग, योजना छनौट कार्यक्रम संचालन, बचत बृद्धि,बजारीकरण तथाअनुगमन सहजीकरण गर्नुका साथै सहकारीकोकार्यक्षमतामा वृद्धि गरी बढी भन्दा बढी सेवाप्रवाहको लागी सहकारीसँगहातेमालो गरी नगर स्तरीय सहकारी संजालमार्फत बचत तथा ऋण, कृषि, दुग्ध, मत्स्य,माहुरीपालनलगायतकाकार्यक्रमप्रभावकारी रुपमा संचालनगर्न बाञ्छनीय भएकोले महाराजगंजनगरकार्यपालिकाले मिति २०७८।०४।१३ मा देहायबमोजिमकार्यविधिपारित गरि लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१) संक्षिप्तनाम र प्रारम्भः**

(क)यो कार्यविधिको नाममहाराजगंजनगरपालिकाको नगर स्तरीय सहकारी संजालकार्यविधि२०७८ रहने छ ।

(ख) यो कार्यविधि तुरुन्तप्रारम्भ हुने छ ।

**२) परिभाषा** :

**बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।**

क) "नगरपालिका"भन्नाले महाराजगंजनगरपालिका सम्झनु पदर्छ ।

ख) "नगर स्तरीयसहकारी संजाल"भन्नाले नगर स्तरमा गठन भई नगरपालिकामादर्ता भएको सहकारी संजाललाई सम्झनु पदर्छ ।

(ग) "विषयगत सहकारी"भन्नाले सहकारी क्षेत्रमा आवद्ध भई नगरपालिकामादर्ता भएकाविभिन्नविषयगत सहकारीहरु अन्तर्गत बचत तथा ऋण, दुग्ध, कृषि, मत्स्य, माहुरी पालनआदिसम्झनु पदर्छ ।

ग) "सहकारी संस्था" सहकारी संस्थाभन्नाले नगर भित्र सुचिकृत विभिन्नविषयगत बचत तथा ऋण, कृषि, मत्स्य, दुग्ध, माहुरी लगायतका सहकारी संस्थाबुझ्नुपर्छ ।

ङ) "सदस्य"भन्नाले नगर स्तरमा सुचीकृत विभिन्नविषयगत सहकारी संस्थालि. नगरस्तरीय सहकारी संजालको सदस्यलाई सम्झनुपर्छ ।

**३) उद्देश्य र कार्यहरु :**

१) नगरस्तरीय सहकारी संजालकोकार्यविधिका उद्देश्यहरु देहायबमोजिमहुनेछ ।

(क) नगरपालिकाका सहकारी व्यवसायलाई सुदृढीकरण गरी बचत वृद्धि, उत्पादन वृद्धि र उत्पादकत्व बृद्धिका लागी एक जुट भई कामगर्न सघाउ पुऱ्याउने ।

(ख) नगरपालिकाका सहकारी सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययीताको भावनाश्रृजनागर्ने ।

ग) नगरपालिकालगायत सहकारी संस्थाको आर्थिक तथा सामाजिकविकाशको योगदान वृद्धि गर्ने ।

२) उपदफा १को उद्देश्यप्राप्तीकालागी सहकारी संजालको देहायबमोजिमकामगर्ने छ ।

क) नगरपालिकाभित्रका सहकारीहरुको विकाशकालागी सम्भाव्यताअध्ययन, समस्यपहिचान, समाधानकाउपायअवलम्बनगर्ने ।

ख) सहकारी काविषयगततथ्यांकहरु अध्यावधिकगर्न सहयोग गर्ने ।
ग) विभिन्नविषयगत सहकारीहरुको विकाशकालागी रणनिति तयार गर्ने, योजनातर्जुमागर्ने, सरोकारवालानिकायमा योजना पेश गरी स्वीकृत कार्यक्रमकार्यन्वयन गराउने जस्ता कार्यमा सहयोग गर्ने ।
घ) नगरपालिका बाट संचालित सहकारी लगायतकाकार्यक्रमहरु, बचत तथा ऋण, माहरी दुग्ध, कृषि, मत्स्य सबै विषयगत सहकारी लाई कार्यक्रमको कार्यान्वयनगर्न सहयोग गर्ने, संचालितकार्यक्रमको अनुगमनगर्ने र पृष्ठपोषण दिने ।
ङ) नगरपालिकालार्य विषयगत सहकारी विकाश संग सम्बन्धितनितिनिर्माणमा सहयोग गर्ने ।

## परिच्छेद २

## कार्यसमिति गठन र समितिको कामकर्तव्य र अधिकार

**४) नगर स्तरीय सहकारी संजालको कार्यसमिति गठन देहायबमोजिमहुनेछ ।**

१) क) नगर स्तरीय सहकारी संजाल समितिका सदस्य सहकारी क्षेत्रमा आवद्ध बचत तथा ऋण सहकारी, कृषि, मत्स्य, दुग्ध, माहुरी लगायतकाविषयगत सहकारीहरु मध्ये आ-आफ्नो विषयमा एक वडा एक विषयगत सहकारी छनौट भई आएकाप्रतिनिधिहुनु पर्नेछ ।

ख) प्रत्येक विषयगत बचत तथा ऋण, दुग्ध, कृषि, मत्स्य, माहुरी बाट आदिविष्यगत सहकारीहरु वडा स्तरमाआफ्नो विषयगतमा छनोट भई आएमाप्रतिनिधिहरु सदस्य रहेको साधारण सभाहुनेछ जसमा समावेशिताको आधारमामहिला सहितकम्तीमा७वा बढीमा ११ सदस्य रहेको देहायबमोजिमनागर स्तरीय सहकारी संजालकार्य समिति गठन हुनेछ :

अध्यक्ष - १ जना

उपाध्यक्ष- १ जना

सचिव - १ जना

कोषाध्यक्ष-१ जना

सदस्यहरु -महिला सहितकम्तिमा७जनावा बढिमा ११जना सम्महुनेछ ।

**२) सल्लाहकार समिति :-** सहकारीहरुको संचालन संरक्षण सम्बर्द्धनमा टेवा पुऱ्याउने नगर क्षेत्रकाव्यक्तिवाप्रतिनिधि, कृषितथा सहकारी हेर्ने प्राविधिक सामाजिक संस्था सहकारी लाइृ सहयोग गर्ने काप्रतिनिधि सल्लाहकार समितिको सदस्यहुनेछ ।

**५) उपसमिति गठन** :- नगर स्तरीय सहकारी संजालले आवश्यक ठानेमाविभिन्नविषयगतउप समिति गठन गर्न सक्नेछ ।

**६) नगर स्तरीय सहकारी संजालकार्यसमितिको कामकर्तव्य र अधिकार :-**

नगर स्तरीय सहकारी संजालकार्यसमितिको कामकर्तव्य अधिकार देहायबमोजिमहुनेछ ।

क) नगरपालिकालाई सहकारी क्षेत्रको विकासकालागीनितिगत रुपमा सुझावदिने ।

ख) नगरपालिकाको नितितथाकार्यक्रमअनुसार सहकारी विकाशक्रियाकलापमा सहयोग गर्ने ।

ग) विषयगत सहकारीबाट संकलनभएकामाग प्रस्तावहरुको विश्लेषण गरी महत्वपूर्ण कार्यको प्राथमिकतातोकीनगरपालिकामाआवश्यक सहयोगको लागीसिफारिस गर्ने ।

घ) नगरपालिकाबाट सहकारी सम्बन्धिकार्यहरु तोकेमाजिम्मेवारी साथकार्य सम्पन्नगर्ने ।

ङ) नगरपालिकाबाट संचालित सहकारी कार्यक्रमको अनुगमन ⁄निरिक्षण गर्ने ।

च) नगरभित्रका सहकारीको विकाशतथाप्रवर्धनकालागीआवश्यक पर्ने कार्यक्रमकालागी सम्बन्धितनिकाय संग समन्वयगर्ने ।

छ) विषयगत सहकारीबाट प्राप्त सुचनातथातथ्यांकको आधारमानगरको आर्थिक लगायत सामाजिकविकाशतथा बचत लगायत कृषिआदिको अवस्थाको विश्लेषण गर्ने अध्ययनगर्ने र पृष्ठपोषण दिने ।

**७) बैठक :-** बैठक बस्ने निर्णय गर्ने सम्बन्धिअवस्था देहायबमोजिमहुनेछ ।

क) नगर सहकारी संजालको बैठक प्रत्येक तीनमहिनामा बस्नेछ ।

ख) बैठक विषयगत सहकारीमा केन्द्रित रहरे छलफल हुनेछ ।

परिच्छेद ३

**८ दर्ता एवम प्रमाण पत्र :-** सहकारी संजालको विधानअनुरुपकार्यपालिकाको सिफरिसमानगरपालिकामादर्ता गरी प्रमाण पत्रउपलब्ध गराउनुका साथै सो को अभिलेख कृषितथा सहकारी शाखामा राखिनेछ र अनुसुची १ को ढा‘‘चामा प्रमाण पत्रप्रदानगरिनेछ । उक्तकार्य गर्नको लागीकार्यविधिपास भएको वर्षकालागीकुनै शुल्कलाग्नेछैन तत्पश्चातमहाराजगंजनगरपालिकाको आर्थिक ऐन बमोजिमहुनेछ ।

**७) कार्य समितिको अवधि** :- नगर स्तरीय सहकारी संजालकार्य समितिको अवधि ३ वर्ष हुनेछ तत्पश्चातपुन: गठन गर्नुपर्छ ।

**८) नवीकरण** : नगर स्तरीय सहकारी संजाल हरेक ३ वर्षमानवीकरण गर्नुपर्छ र नवीकरण नगरेको खण्डमा सहकार्य गर्न नगरपालिकाबाध्यहुने छैन ।

**९) कार्यविधिको संशोधन** :- आवश्यक परेमानगरपालिकाको बैठकबाट कार्यविधिमा संसोधनगर्न सकिनेछ ।

**१०) खारेजी र बचाउ** :-यस अघि यस न.पा बाट भएका यस कार्यविधि संग सम्बन्धितविषयकाकार्यहरु यसै कार्य विधिबमोजिमभए गरेको मानिनेछ ।

**द्रष्टव्य :-** नगर स्तरीय सहकारी संजाल संचालनबारे विशेष जानकारी

१) समिति संजालको नवीकरण र पुर्नगठन प्रत्येक ३ वर्षमागरिनेछ ।

२) संजाल समितिको सदस्य फेरबदलभएमा सो को जानकारी सहकारी व्यवसाय प्रवर्द्धन समितिमा दिनुपर्छ ।

३) प्रत्येक बैठकको निर्णय र कार्यप्रगति समिति संजालको सचिवालयमा राख्नु पर्छ ।

अनुसुची १

"समुन्नत र स्वावलम्बी सहकारी
समृद्ध नगर र घरघरमाभकारी

महाराजगंजनगरपालिकाको कार्यालय
महाराजगंजलुम्बिनीप्रदेश
नगरस्तरीय सहकारी संजालदर्ता प्रमाण पत्र

दर्ता नं.

सहकारीलाई सुव्यवस्थितगर्दै विभिन्नविषयगत सहकारी विकाशलाई टेवा पुऱ्याउने उद्देश्यले यस नगरपालिकामामिति ........................................................ मा गठित श्री ................................

लाई यस कार्यालयको अभिलेखमादर्ता गरी यो प्रमाण पत्रप्रदानगरिएको छ ।

............................ ................................ ................................

कृषि/पशु/सहकारी शाखाप्रमुखप्रमुखप्रशासकियअधिकृत नगर प्रमुख

| क्र.सं | नवीकरण मिति | म्यादपुग्ने मिति | नवीकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|
| | | | दस्तखत | छाप |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

...............................

अव्दुलकलाम

नगर प्रमुख

प्रमाणिकरण मिति :- २०७८।०३।२९